मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

२६ औं वर्षमा Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

**सूचना**

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : १७८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ जेठ ३ गते सोमवार (Monday, May 17. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/– भारतमा भारु : ४/–

## सहकारी संघले दियो सुरक्षाकर्मीलाई स्वास्थ्य सामग्री



**भद्रपुर, जेठ २।** तीव्र रुपमा फैलिइरहेको दोस्रो लहरको कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि अग्रमोर्चामा खटिने सुरक्षाकर्मीका लागि झापा जिल्ला सहकारी संघले स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराएको छ ।

संघका अध्यक्ष गणेश ढकाल, वरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरी, सचिव भवानीप्रसाद दंगाल र जिल्ला बचत तथा ऋण सहकारी संघ झापाका अध्यक्ष घनश्याम अधिकारीको टोलीले आइतवार जिल्ला प्रशासन कार्यालय पुगेर तीनै अंगका सुरक्षाकर्मीहरुका लागि ५ लाख रुपैयाँ बराबरको स्वास्थ्य सुरक्षा सामग्री प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनालाई हस्तान्तरण गरेको हो ।

त्यहाँ झापाका प्रहरी उपरीक्षक शानुराम भट्टराई, नेपाली सेना चारआलीका प्रमुख सेनानी गौरवजंग थापा र सशस्त्र प्रहरी निरीक्षक रमेशकुमार पाण्डेको पनि उपस्थिति थियो ।

स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्दै संक्षिप्त कार्यक्रमकाबीच संघका अध्यक्ष ढकालले प्रजिअ तिमिल्सिनालाई सामग्री हस्तान्तरण गरे । संघले सामाजिक उत्तरदायित्व अन्तर्गत स्वास्थ्य सामग्री सहयोग गरेको सचिव दंगालले जानकारी दिए । संघले १० हजार थान सर्जिकल मास्क, ६० थान पीपीइ सेट, ६ हजार सेट ग्लोब्स, एक हजार थान फेसशील्ड र १८०० लिटर सेनिटाइजर उपलब्ध गराएको संघका वरिष्ठ उपाध्यक्ष गिरीले बताए ।

स्वास्थ्य सुरक्षा सामग्रीको अभाव हुने अवस्थामा पुगेको बेला संघले गरेको यो सहयोगले सुरक्षाकर्मीहरुलाई कोरोना रोकथाम तथा नियन्त्रणका लागि अग्रमोर्चामा खटिएर काम गर्न निकै सहयोग पुग्ने भन्दै सहयोगका

*(बाँकी अन्तिम पृष्ठमा)*

# निको हुने दर ७४.७%

**बिर्तामोड, जेठ २।** नेपालमा पछिल्लो २४ घण्टामा देशभर ६ हजार ६४८ सङ्क्रमित निको भएर घर फर्किएका छन् ।

शनिबार पाँच हजार ४५५ सङ्क्रमित निको भइ घर फर्किएका थिए । निको हुने दर ७४ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हालसम्म तीन लाख ३९ हजार ७५६ जना कोरोना भाइरसबाट मुक्त भएका छन् ।

थप सात हजार ३६८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या चार लाख ५५ हजार २० पुगेको छ ।

थप १९ हजार ४३९ जनाको पीसीआर परीक्षण तथा २४४ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएकामा पिसिआर विधिबाट सात हजार ३१६ तथा एन्टिजेनबाट ५३ जनामा सङ्क्रमण पुष्टि भएको हो ।

हालसम्म पीसीआर परीक्षण गराउनेको सङ्ख्या २७ लाख ७० हजार ९८० जना पुगेको छ । हाल ७०१ सङ्क्रमित क्वारेन्टिनमा रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले जानकारी दिए । हाल देशभर एक लाख १० हजार २६३ सक्रिय सङ्क्रमित रहेका छन् । संस्थागत आइसोलेसनमा सात हजार ८०८ तथा होम आइसोलेसनमा एक लाख दुई हजार ४५५ रहेका छन् । हाल देशभर ७०१ सङ्क्रमित क्वारेन्टिनमा रहेको मन्त्रालयले जनाएको छ ।

**उपत्यकामा दुई हजार ६०९ संक्रमित**

काठमाडौं उपत्यकामा पछिल्लो समय दुई हजार ६०९ सङ्क्रमित थपिएका छन् । काठमाडौंमा एक हजार आठ सय ८१, ललितपुरमा ४३६ र भक्तपुरमा २९२ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ ।

काठमाडौंमा हाल सक्रिय सङ्क्रमितको संख्या २९ हजार ६५ रहेको छ । हालसम्म कोरोनाबाट एक लाख ३२ हजार ८१५ निको भएका छन् भने एक हजार १३८ सङ्क्रमितको मृत्यु भएको छ । यस्तै ललितपुरमा हाल सात हजार ११८ सक्रिय सङ्क्रमित रहेका छन् । हालसम्म २० हजार ३४१ सङ्क्रमित निको भएका छन् भने कोरोनाबाट ३०४ सङ्क्रमितको मृत्यु भएको छ । यस्तै भक्तपुरमा चार हजार ९७८ सक्रिय सङ्क्रमित छन् । निको हुनेको संख्या ११ हजार ३४३ रहेको छ भने २२१ सङ्क्रमितले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ ।

**मृत्यु हुनेको संख्या पाँच हजार नाघ्यो**

नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या पाँच हजार नाघेको छ । पछिल्लो समय कोरोनाबाट १४५ सङ्क्रमितको मृत्यु भएको छ । योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको संख्या पाँच हजार एक पुगेको मन्त्रालयले जनाएको छ ।

**विवाह, भोज–भतेरको जमघटले संक्रमण फैलियो, एउटै वडामा ७० संक्रमित**

मकवानपुरको थाहा नगरपालिकामा एउटै वडामा ७० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । थाहा-३मा पिसिआर र एन्टिजेन परीक्षण गर्दा दुई साताभित्र सो सङ्ख्यामा कोरोना देखिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाभित्र अहिले कोरोनाबाट कूल सङ्क्रमित सङ्ख्या २०० रहेका छन् । नगरको एउटै वडामा ३५ प्रतिशत कोरोना सङ्क्रमित देखिनुले चुनौति र जोखिम दुवै बढेको नगरपालिकाका स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीले जानकारी दिए । थाहा-३मा सङ्क्रमण दर पनि उच्च रहेको छ । यहाँ १०२मा परीक्षण गरिएकामा ७० सङ्क्रमण देखिएको र सङ्क्रमण दर ६६ प्रतिशत रहेको नगरपालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए । सङ्क्रमित हुनेमा स्वास्थ्यकर्मी समेत छन् ।

विवाह भोज-भतेरको जमघट र अन्य सामूहिक गतिविधिका कारण थाहा-३ मा सङ्क्रमण फैलिएको 'कन्ट्याक्ट ट्रेसिङ' बाट देखिएको प्राथमिक स्वास्थ्य केन्द्र पालुङका चिकित्सक रिकेस कार्कीले बताए । थाहा-३मा सङ्क्रमितमध्ये एक जनाको मृत्यु भएको छ भने दुईजना निको भएका छन् । त्यस्तै ६७ जना होम आइसोलेशनमा रहेको नगरपालिकाले जनाएको छ ।

## स्वास्थ्यकर्मीलाई सलाम छः सभापति देउवा



**झापा जेठ २ ।** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कोरोना महामारीमा दिनरात बिरामीका उपचारमा लागीपरेका चिकित्सक, नर्स, अन्य स्वास्थ्यकर्मी, एम्बुलेन्स चालकलगायत सबैप्रति कृतज्ञता व्यक्त गर्दै उच्च प्रशंसा गरेका छन् ।

उनले फ्रन्टलाइनरको मेहनतले बिरामीमा आशाको किरण देखिएको सामाजिक सञ्जालमार्फत जनाएका हुन् । एकदिन राज्यले पक्कै पनि फ्रन्टलाइनरले यो कठिन अवस्थामा गरेको योगदानको कदर गर्ने पूर्वप्रधानमन्त्री देउवाले बताएका छन् ।

## एमालमा विवाद मिलाउन कार्यदल

**झापा जेठ २।** सत्तारुढ नेकपा (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीचको आइतवार भेटवार्ताबाट पार्टीको विवाद समाधानका लागि १० सदस्यीय कार्यदल गठन गरिएको छ ।

कार्यदलमा अध्यक्ष ओलीका तर्फबाट संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङको नेतृत्वमा विष्णु पौडेल, प्रदीप ज्ञवाली, शङ्कर पोखरेल र विष्णु रिमाल हुनुहुन्छ भने नेता नेपालका पक्षबाट उपाध्यक्ष भीम रावलको नेतृत्वमा घनश्याम भुसाल, गोकर्ण विष्ट, सुरेन्द्र पाण्डे र रघुजी पन्त रहनुभएको नेता नेपालले सञ्चारकर्मीलाई जानकारी दिए । उनले कार्यदललाई तीन दिनको समय दिइएको र आवश्यकतानुसार थप्न सकिने बताए । भेटवार्ताबाट निस्किएपछि अध्यक्ष ओलीले संक्षिप्त प्रतिक्रिया दिँदै छलफल 'सकारात्मक' भएको बताए ।

पार्टीलाई सर्वोच्च अदालतको गत फागुन २३ को फैसला बमोजिम नेकपा (माओवादी केन्द्र) सँगको एकतापूर्व (२०७५ जेठ ३) को अवस्थामा पार्टीका सङ्गठन र संरचनालाई सञ्चालन गर्नुपर्ने आवाज नेता नेपाल पक्षले उठाउँदै आएको छ । सो विषयमा शीर्ष नेता र दोस्रो तहका नेताबीच पछिल्ला दिनमा छलफल हुन थालेपछि पार्टीमा विभाजन हुन सक्ने आशङ्का अन्त्य भएको छ ।

# चिठ्ठा परेको भन्दै ठगी

**रत्नबहादुर बस्नेत**

**झापा, जेठ २।** झापाका एक व्यक्ति सामाजिक सञ्जालबाट चिठ्ठाको प्रलोभनमा ठगिएका छन् ।

बिर्तामोड नगरपालिका-१० ठुटेबर निवासी लयप्रसाद तिवारी २५ लाखको चिठ्ठा परेको प्रलोभनमा परेर भारतीय अपराधिक गिरोहले ४० हजार रुपैयाँ असुलेपछि ठगिएको रहस्य खुलेको हो ।

लामो समयदेखि बिर्तामोड-३, सैनिकमोडमा बिराट होमियो फार्मेसी सञ्चालन गर्दै आएका तिवारी भारतीय टेलिभिजन शो कौन बनेगा करोडपतिको नाममा सामाजिक सञ्जालमार्फत ठगहरुको फन्दामा फसेको पाइएको हो ।

फार्मेसी सञ्चालक तिवारीका अनुसार प्रशिद्ध भारतीय टेलिभिजन शो कौन बनेगा करोडपतिको नाममा कथित ठगहरुबाट मोबाइलमा सामाजिक सञ्जाल फेसबुकमार्फत ह्वाट्सएप नम्बरसहित म्यासेज प्राप्त भएपछि उनी विभिन्न खेल प्रतियोगितामा सहभागी भएका थिए । उक्त म्यासेजमा अमिताभ बच्चन जस्तो देखिने व्यक्तिको फोटोसहित ठगाना उल्लेख गरिएको थियो । भारतीय टेलिभिजन च्यानलमा देखाइने शो 'कौन बनेगा करोडपति' को नाममा ठगी हुने गरेको पाइएको हो ।



पीडित लयप्रसाद तिवारी ।

यसैक्रममा केही दिनमा उनलाई २५ लाख जितेको र उक्त रकम प्राप्त गर्न सरकारी कर बापत विभिन्न प्रक्रिया पूरा गर्नुपर्ने भन्दै मुम्बईको ठेगानामा बैंक खाता नम्बर दिइएको थियो । उनले त्यहाँ तीन पटक गरेर १८ हजार रुपैयाँ जम्मा गरेका थिए भने उनीहरुको निर्देशन अनुसार बैंकमार्फत चितवनमा २२ हजार रुपैयाँ पठाएका थिए । चितवनपछि काठमाण्डौको अनलाइन ठेगानासहित सम्पर्क गर्न भनिएको थियो ।

'यसपछि जब उनीहरुले काठमाडौको पुतलीसडकमा कार्यालय रहेको र त्यहाँ पुनः ४० हजार रुपैयाँ बुझाएर भाग्य चिठ्ठामा जितेको रकम बुझ्नु भनेपछि शंका लाग्यो'- मोबाइलमा सुरक्षित विवरण देखाउँदै तिवारीले भने- 'लगत्तै काठमाण्डौका एक साथीलाई बुझ्न लगाएँ, तर उनीबाट त्यस्तो कहीं नभएको र ठगीमा परेको जवाफ पाएँ ।'

*(बाँकी अन्तिम पृष्ठमा)*

## भरुवा बन्दुकसहित चार जना पक्राउ



**खोटाङ, जेष्ठ २।** खोटाङ हलेसी तुवाचुङ नगरपालिका-११ राजापानीस्थितबाट भरुवा बन्दुक र भरुवा बन्दुक बनाउन प्रयोग गरिने अन्य सामाग्री सहित ४ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा सोही स्थानका ४२ बर्षीय डम्बरबहादुर कार्की, ३५ बर्षीय दोर्ण कार्की, २६ बर्षीय रबिन्द्र कार्की र ७४ बर्षीय कृष्ण बिक रहेका छन् । बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय खोटाङबाट प्रहरी निरीक्षक सहितको टोली खटि गई डम्बर, द्रोर्ण र रबिन्द्रलाई भरुवा बन्दुक थान ३, मरेको मृगको टाउको, सालकको खपेटा र भरुवा बन्दुकमा प्रयोग हुने सलाई, सोडा, गन्धक, छर्रा लगाएतका पदार्थहरु सहित नियन्त्रणमा लिएको छ भने बिकलाई भरुवा बन्दुकको नाल थान ५, भरुवा बन्दुकको बट थान १ लगायत भरुवा बन्दुक बनाउन प्रयोग हुने औजारहरुसहित नियन्त्रणमा लिएको हो । पक्राउ परेका ४ जना उपर जिल्ला प्रहरी कार्यालय खोटाङबाट थप अनुसन्धान भईरहेको छ ।

# 'त्यो पर्दैन...' भनेपछि सर्वोच्चमा रिट

**काठमाडौं, जेठ २।** प्रधानमन्त्री केपी शर्मा ओलीलाई शुक्रबार राष्ट्रपति विद्यादेवी भण्डारीले गराएको शपथविरूद्ध सर्वोच्च अदालतमा रिट पेश भएको छ ।

अधिवक्ता चन्द्रकान्त ज्ञवालीले प्रधानमन्त्रीले लिएको शपथ कानून विपरीत भएकाले बदर गर्न माग गरिएको सर्वोच्च अदालत रिट महाशाखा स्रोतले बतायो । शपथ र शपथपछि प्रधानमन्त्रीले सात मन्त्रीको नियुक्तिविरूद्ध अधिवक्ता सन्तोष भण्डारीले पनि अर्को पेश गरेका छन् । उनको रिटमा पुऱ्याउनुपर्ने रित पूरा नभएको र ज्ञवालीको रिट अध्ययनकै क्रममा रहेकाले आइतवार दर्ता गर्न नसकिएको सर्वोच्चको रिट महाशाखा स्रोतले जानकारी दियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार पद तथा गोपनीयताको शपथ ग्रहण गर्दा दुई वटा महत्वपूर्ण अंश भन्न छुटाएका थिए । 'मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक यो प्रतिज्ञा गर्छु कि' भनेर राष्ट्रपति विद्या भण्डारीले शपथ गराउँदा ओलीले 'यो प्रतिज्ञा गर्छु कि' भन्ने वाक्यांश छुटाएका थिए ।

प्रधानमन्त्री ओलीले छुटाएको उक्त वाक्यांश राष्ट्रपति भण्डारीले दोहोऱ्याएकी थिइन् । ओलीले भने 'यो पर्दैन' भन्दै शपथग्रहण अगाडि बढाए । उनको त्यस्तो जवाफ सुनेर राष्ट्रपति हाँसेकी थिइन् । त्यसपछि ओलीले शपथमा प्रयोग भएको 'ईश्वर' भन्ने शब्द पनि उच्चारण गरेनन् ।

शपथ ग्रहणका वाक्यांश जानाजान छुटाएर प्रधानमन्त्री ओलीले शपथको गरिमा लत्याएको र राष्ट्रपतिको समेत मानमर्दन गरेको एक पूर्वप्रधानन्यायाधीशले बताए ।

शपथ लिने भनेको संविधान र कानुनमा जे छ त्यही हो । आफूलाई जे मन लाग्छ त्यही भन्ने भए त शपथ नै किन लिनुपऱ्यो ? म संविधान र कानूनको अधिनमा छु भन्ने कुरा मान्नेले एकशब्द यताउता गर्न पाइन्न । त्यो नमान्ने हो भने अर्कै कुरा हो- उनले भने- उहाँले शपथका क्रममा 'यो पर्दैन' भनेर आदेशात्मक भाषामा जसरी भन्नुभयो, त्यो त सरासर राष्ट्रपतिको अनादार हो ।' अमेरिकामा सन् २००८मा पहिलोपटक राष्ट्रपति बनेका बराक ओबामाले भूलवश एउटा वाक्यांश यताउता पारेर पढेपछि दोहोऱ्याएर शपथ लिनुपरेको थियो । अमेरिकी संविधान अनुसार शपथको भाषा तोकिएको हुन्छ । ओबामाले आफ्नो शपथको महत्वपूर्ण अंश 'मैले निष्ठापूर्वक' भन्ने वाक्यांश अघि नै बोल्नुपर्नेमा पछाडि बोलेका थिए । शपथको भाषा क्रम अनुसार नपढेको भन्दै उनले शपथ दोहोऱ्याएर लिनुपरेको थियो । नेपालमै पनि २०६५ साउन ८ गते पूर्वउपराष्ट्रपति परमानन्द झाले लिएको शपथ विवादमा तानिएको थियो ।

तत्कालीन राष्ट्रपति रामवरण यादवले नेपालीमा शपथ खुवाए पनि झाले हिन्दीमा उल्था गरेर पढेपछि विवादित भएको थियो । राष्ट्रपति, उपराष्ट्रपतिले लिने शपथको व्यहोरा संविधानमै लेखिएको थियो। यो विवाद सर्वोच्च अदालतसम्मै

*(बाँकी अन्तिम पृष्ठमा)*

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३–५९०१६६**

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

**मोबाइल ! मोबाइल !! मोबाइल !!!**

**हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट** SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि**
साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।

**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड
**सम्पर्क फोनः– ०२३–५४२४३१, ९८०४९३५३५१**

## कोरोनाबाट शंकरको निधन



**इलाम, जेठ २।** नेकपा एमाले इलाम जिल्ला कमिटीका कार्यालय सचिब नवराज शंकरको काभिड-१९ को कारण निधन भएको छ ।

बिराटनगरस्थित बिराट मेडिकल अस्पतालमा निधन भएको हो । करिव १० दिन अघि शंकरमा कोरना पुष्टि भएको थियो ।

चार दिनअघि अस्पताल भर्ना हुनु भएको उनको निधनले इलामबासी स्तब्ध भएका छन् । इलाम नगरपालिकास्थित टुडीखेल नजिकै आफ्नै घरमा होम आइसोलेसनमा बसेका शंकरलाई स्वास्थ्यमा समस्या भएपछि थप उपचारको कारण बिराटनगर पुऱ्याइएको थियो ।

## अस्पतालका बेड खाली, गौरीगञ्जका ५० संक्रमित घरमै



**गौरीगञ्ज, जेठ २।** गौरीगंज गाउँपालिकामा कोरोनाको दोस्रो भेरियण्ट पश्चात् जेठ १ गतेसम्म ६० जना सक्रिय संक्रमित रहेका छन् ।

गौरीगंज गाउँपालिकाको स्वास्थ्य शाखा कार्यालयले उपलब्ध गराएको विवरण अनुसार ६० जना संक्रमित मध्ये ५० जना होम आईसोलेसनमा छन् भने २ जना कोशी अस्पतालमा उपचार गराइरहेका छन् । त्यस मध्ये १ जनाको मुत्यु भइसकेको छ ।

दोस्रो भेरियन्ट देखा परे पश्चात् गाउँपालिकाद्वारा १ सय २२ जनाको स्वाव संकलन गरिएको स्वास्थ्य शाखा प्रमुख रामचन्द्र मिश्रले जानकारी गराएका छन् । कोरोना संक्रमित ६० जनामध्ये ७ जना संक्रमण मुक्त भइसकेका छन् ।

कोरोना रोकथाम तथा नियन्त्रण गर्न गाउँपालिकाले १५ बेडको आइसोलेसन र ८ वटा अक्सिजन सिलिण्डर तयारी अवस्थामा राखेको छ । ५० वेडको क्वारेन्टाइन कोरोना संक्रमित बिरामीका लागि तयारी अवस्था राखिए पनि दोस्रो भेरियन्ट पछि कोही पनि बिरामी अस्पताल आएका छैन्न भने वेडहरू खाली छन् ।

कोभिड अस्पताल भनेर गाउँपालिकाले १५ बेड आइसोलेसन, ८ वटा अक्सिजन सिलिण्डर र ५० बेड क्वारेन्टाइनको व्यवस्था गरे पनि कोरोनाको विरामी घरमै उपचार गराइरहेका छन् । गौरीगञ्ज गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख रामचन्द्र मिश्रकाले नेपाल सरकारको प्रोटोकल अनुसारनै विरामी होम आइसोलेसनमा बसेको बताए । उनले होम आइसोलेसनमा बसेका बिरामीहरुसंग नियमितरुपमा स्वास्थ्यकर्मीहरुसंग सम्पर्क भइरहेको र उनीहरुको स्वास्थ्य अवस्थामा क्रमिक सुधार हुँदै गरेको जानकारी गराएका छन् ।

# भारतीय सवारीसाधनलाई कार्वाही भएन



**झापा, जेठ २।** वडा प्रहरी कार्यालय भद्रपुरका इन्स्पेक्टर डम्बर गिरीले बिना कारबाही भारतीय नम्बर प्लेटका तीन वटा सवारीसाधन त्यत्तिकै छाडेका छन् ।

अख्तियार अनुसन्धान आयोग, केन्द्रीय प्रहरी कार्यालय महाशाखा टंगालमा सरुवा भएका इन्स्पेक्टर गिरीले आइतबार वडा कार्यालयको जिम्मेवारीबाट बिदा लिनु तीन घण्टा अगाडि ती सवारीसाधन बिना कारबाही छाडेका हुन् ।

इन्स्पेक्टर गिरीले छाडेका सवारीमा दुई वटा मोटरसाइकल र एउटा स्कुटर रहेका छन् । उनले छाडेका सवारीसाधन सम्बन्धित व्यक्तिलाई बुझाउँदा समेतको कुनै प्रमाण वडा कार्यालयमा राखेका छैनन् । उनको मौखिक आदेशमा ती सवारीसाधन छाडिएको प्रहरीले स्रोतले जनाएको छ । बुझिलिने भन्ने कुनै कागजातमा प्रहरीले धनीलाई हस्ताक्षर नगराउँदा सवारी नम्बर खुल्न सकेन ।

१४ महिनादेखि बिना भन्सार सीमावर्ती नेपाली बजारमा खुलेआम भारतीय सवारीसाधन चलिरहेको भन्दै जिल्ला प्रहरी कार्यालय झापाका एसपी सानुराम भट्टराईको निर्देशनमा ट्राफिक प्रहरी र वडा प्रहरी कार्यालयले संयुक्त रुपमा भारतीय सवारीसाधन नियन्त्रणमा लिने अभियान थालेको थियो ।

सोही अभियान बमोजिम वडा प्रहरीले वैशाख १८ गते नगर क्षेत्रबाट ८वटा भारतीय नम्बर प्लेटका दुई पाङ्ग्रे सवारीसाधन नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिएका ती सवारीसाधन जेठ २ गते बिहान ८ बजेसम्म वडा कार्यालय परिसरमै थियो ।

तर, भद्रपुर छाडेर जान लागेपछि इन्स्पेक्टर गिरीले दीपेश साहको नम्बर प्लेट समेत नभएको मोटरसाइकल, चन्दन कामतीको मोटरसाइकल र कामतीकै भाउजूको स्कुटर छाडेपछि अहिले व्यापक चर्चाको विषय बनेको छ । अन्य पाँच वटा सवारीसाधन नछाड्ने, तीनवटा मात्रै छाडेपछि अहिले आफ्नो सवारीसाधन नछाडेका व्यक्तिले प्रहरीको कामप्रति आक्रोश पोख्न थालेका छन् । प्रहरीले नेपाली नम्बर प्लेटका गाडीलाई नियन्त्रणमा लिएपछि ट्राफिक नियम अनुसार कारबाही गर्नु पर्ने कानुनी प्रावधान छ । तर, भारतीय नम्बरका गाडीलाई त्यत्तिकै छाड्ने इन्स्पेक्टर गिरी आफैले कानूनको उल्लंघन गरेका छन् । अस्थायी ट्राफिक प्रहरी भद्रपुरका इञ्चार्ज दिलीप राईसँग यस विषयमा बुझ्दा उनले भने- 'सवारीसाधन छाड्दा कुनै जरिवाना नगरेको प्रष्टाए ।'

यता प्रहरी कार्यालय झापाका एसपी सानुराम भट्टराईले नियन्त्रणमा लिएका सवारीसाधन इन्स्पेक्टर गिरीले छाडेको विषयमा आफूलाई केही जानकारी नभएको बताएका छन् । यस विषयमा आफूले बुझ्ने उनको भनाइ छ ।

त्यस्तै भर्खरै सरुवा भई आजै जिम्मेवारी सम्हालेका वडा प्रहरी कार्यालय भद्रपुरका इन्स्पेक्टर दलकुमार राईले यस घटनाको बारेमा केही थाहा नभएको बताएका छन् ।

## प्रेस पासको दुरुपयोग भए कारवाही

**झापा, जेठ २।** प्रेस काउन्सिल नेपालले प्रेस पास तथा प्रेस ज्याकटेको दुरुपयोग गरी आपराधिक तथा भ्रमपूर्ण कार्य समेत हुन थालेकाले त्यस्ता गैह्रव्यावसायिक नरोकिए कानूनी कारवाही गरिने जनाएको छ ।

काउन्सिलका प्रवक्ता दीपक खनालद्वारा आइतवार विज्ञप्तिमा त्यस्ता कार्यप्रति गम्भीर बन्न नेपाल पत्रकार महासंघ र सञ्चार तथा सूचना प्रविधि विभागलाई आग्रह गरिएको छ ।

## बिर्तामोड नगर अस्पताललाई ५० थान अक्सिजन सिलिण्डर

**झापा, जेठ २।** बिर्तामोड नगर अस्पताललाई नेपाल कम्युनिस्ट पार्टी एमाले बिर्तामोड नगर कमिटीले ५० थान अक्सिजन सिलिन्डर प्रदान गर्ने निर्णय गरेको छ ।

झापामा पनि अक्सिजन सिलिण्डरको अभाव शुरु भएसँगै बिर्तामोड नगर अस्पताललाई सात लाख ५० हजार रुपैयाँ बराबरको अक्सिजन सिलिण्डर प्रदान गर्ने निर्णय भएको नेकपा एमाले बिर्तामोड नगर कमिटी सचिव सुवास भट्टराईले जानकारी दिए ।

'तीन दिनभित्रमा रकम जम्मा गरी सिलिण्डर खरिद प्रक्रिया अगाडि बढाईने छ'- सचिव भट्टराईले भने- प्रति सिलिन्डर १५ हजार रुपैयाँ पर्ने र ५० वटा सिलिण्डरलाई ७ लाख ५० हजार रुपैयाँ खर्च हुन्छ । सिलिण्डर खरिदका लागि नेकपा एमाले, आम उद्योगी व्यवसायी, जनप्रतिनिधि, कर्मचारी तथा दाता महानुभावले आर्थिक सहयोग गर्ने अग्रसरता देखाएसंगै सोही रकमले सिलिण्डर खरिद गर्ने निर्णय भएको भट्टराईको भनाइ छ ।

हाल नगर अस्पतालमा १० वटा अक्सिजन सिलिन्डर रहेको र थप संक्रमित बढ्दै गएकोले पार्टीको अग्रसरतामा अक्सिजन सिलिण्डर खरिद गर्ने बताइएको छ ।

## नयाँ शैक्षिकसत्र अन्यौलमा

**झापा, जेठ २।** दोस्रो लहरको कोरोना सङ्क्रमण बढ्दो रहेकाले दुई महिनापछि धकेलिएको नयाँ शैक्षिकसत्र आगामी असार १ गतेदेखि शुरु हुनेमा अन्योल देखिएको छ ।

गत वर्षको महामारीको प्रभावका आधारमा चालू शैक्षिकसत्र, २०७७ लाई जेठ मसान्तसम्म लम्ब्याएर असार १ गतेदेखि नयाँ शैक्षिकसत्र, २०७८ सञ्चालन गर्ने निर्णय गरेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नयाँ परिस्थितबारे आङ्कलन गरिरहेको छ । आइतबारसम्मको विवरणमा सङ्क्रमणबाट मृतकको सङ्ख्या चार हजार ८५६ पुगेको छ भने मुलुकभर सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख नौ हजार ७४० छ । महामारी नियन्त्रण र रोकथामका लागि मुलुकका ७३ जिल्लामा निषेधाज्ञा जारी छ । कोरोनाको दोस्रो लहरले बालबालिकालाई झन् बढी जोखिम हुने भएकाले निषेधाज्ञा जारी हुनु अगावैदेखि शिक्षालयहरुमा भौतिक उपस्थितिको पढाइ बन्द गराइएको छ ।

शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्माले नयाँ शैक्षिकसत्र असारदेखि हुने गरी शिक्षा नियमावलीमा भएको संशोधन नेपाल राजपत्रमा प्रकाशन भइसकेको र सोबमोजिम सम्बन्धित पक्षलाई सूचना पठाइएको बताउँदै नयाँ परिस्थितिबारे सरकारले निर्णय गरिनसकेको जनाए । अर्को निर्णय नभएसम्म विद्यालयहरुले असार १ गतेदेखि नै नयाँ शैक्षिकसत्र शुरु गर्नुपर्ने हुन्छ भने यसको व्यावहारिकता हेरेर पाठ्यवस्तुमा थप समायोजना गरी नयाँ भर्नाको नयाँ मिति तय गर्नुपर्ने देखिएको छ । बिगतमा हरेक चैतमा वार्षिक परीक्षा समाप्त भई वैशाखमा नयाँ भर्ना हुँदै आएको थियो भने गत वर्ष शुरु भएको कोरोना महामारीका कारण अधिकांश महिना प्रत्यक्ष कक्षा बन्द भई वैकल्पिक प्रणालीको सिकाइ निरन्तरतामार्फत पाठ्यवस्तु समायोजन गरेर पठनपाठन गराइएको थियो । बन्दाबन्दीका कारण गत वर्ष पनि भदौ महिनासम्म नयाँ भर्ना हुन सकेको थिएन ।

कोभिड-१९ र यस्तै प्रकृतिका महामारीको अवस्थालाई सम्बोधन हुने गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले शिक्षा नियमावली, २०५९मा नवौँ संशोधन, २०७७ गरी शैक्षिकसत्र परिवर्तनको अधिकार मन्त्रालयलाई प्रदान गरेको थियो । गत पुस १२ गते शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा नियुक्त भएपछि कृष्णगोपाल श्रेष्ठले उक्त नियमावली संशोधन गराएका थिए । नियमावाली संशोधनको उक्त सूचना नेपाल राजपत्रमा गत फागुन ३ गते प्रकाशन गरिएको थियो ।

शिक्षा ऐन, २०२८ (नवौँ संशोधन) को दफा १९ ले दिएको अधिकार प्रयोग गरी संशोधित नियमावालीको नियम ८४ को (१) मा 'महामारी वा अन्य विपद् वा विकट हिमाली क्षेत्रका कारण शैक्षिकसत्र परिवर्तन गर्नुपर्ने अवस्था आएमा मन्त्रालयले गर्न सक्नेछ'- भनिएको छ ।

## दैनिक १० करोड नोक्सान

**झापा, जेठ २।** दोस्रो लहरको कोभिड-१९ सङ्क्रमणलाई ध्यानमा राख्दै देशका विभिन्न स्थानमा लागु गरिएको निषेधाज्ञाका कारण दूग्ध पदार्थको खपतमा कमी आएको छ । अन्य समयको तुलनामा निषेधाज्ञासँगै दुग्ध पदार्थको ६० प्रतिशतले कमी आएको व्यवसायीहरू बताउँछन् ।

नेपाल डेरी एसोसिएसनका अनुसार पछिल्लो समय दुग्ध पदार्थको खपतमा कमी आउँदा दैनिक रु. दश करोड बराबरको नोक्सानी भएको छ । गत वर्षको बन्दाबन्दीमा रहेको मौज्दात दूग्ध पदार्थको धुलो र बटर हालसम्म बिक्री नभएको र थप निषेधाज्ञाका कारण ठूलो मात्रामा मौज्दात भएको एशोसिएशनका महासचिव प्रल्हाद दाहालले जानकारी दिए । उनका अनुसार हाल निजी डेरी र दूग्ध विकास संस्थानमा गरेर करिब रु तीन अर्ब बराबरको पाउडर दूध र बटर भण्डारमा थन्किएर बसेको छ ।

चालू पुंजीको रुपमा रहेको रकम ठूलो मात्रामा सामग्री भण्डारणमा मौज्दात बस्दा धेरै डेरी उद्योगहरू बन्द हुने अवस्थामा पुगेको जनाईएको छ ।

## प्रदेश सभा सदस्य बुढाथोकीलाई मातृशोक



**झापा, जेठ २।** प्रदेशसभा सदस्य गोपालचन्द्र बुढाथोकीलाई मातृशोक परेको छ ।

झापा क्षेत्र नं १ 'ख' का प्रदेशसभा सदस्य बुढाथोकीकी ८६ वर्षीया आमा नरमाया बुढाथोकीको शनिवाररराति कोरोना संक्रमणबाट मृत्यु भएको हो । उनको बिर्तासिटी हस्पिटल बिर्तामोडमा उपचार भइरहेको थियो ।

उपचारकै क्रममा मृत्यु भएको मेचीनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेम ओझाले जानकारी दिए । यसअघि उनको बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचार गरिएको थियो । आमाको उपचार बीएण्डसीमा गराउँदै आएका सांसद बुढाथोकीले अस्पताल महंगो भएको भन्दै सामाजिक सञ्जाल फेसवुकमा लेखेका थिए । बीएण्डसी अस्पतालबाट आमालाई डिस्चार्ज गराएर उनले पुनः आमाको उपचारका लागि बिर्तासिटी अस्पताल ल्याएका थिए ।

### त्यो पर्दैन ...

पुग्यो । तत्कालीन प्रधानन्यायाधीश मीनबहादुर रायमाझी र न्यायाधीश बलराम केसीको इजलासले उक्त शपथ संविधानसम्मत नभएको भन्दै बदर गरिदिएको थियो । उक्त इजलासले बराक ओबामाको शपथ ग्रहण दोहोरिएको घटनालाई पनि फैसलामा उदाहरणको रूपमा उद्धृत गरेको छ ।

तत्कालिन संविधानले उपराष्ट्रपतिलाई हिन्दी भाषामा शपथ लिन छुट नदिएको उक्त इजलासले बताएको थियो । शपथ पूरा हुन कानूनले तोकेको अधिकारीसमक्ष वाचन अनि संविधानमा तोकिए अनुसार भाषा प्रयोग गर्न आवश्यक हुने फैसला उक्त इजलासले गरेको थियो । उपराष्ट्रपति झाको शपथ ग्रहणमा यी दुवै कुरा पूरा नभएकाले नेपालको अन्तरिम संविधान प्रतिकूल हुनुका साथै अन्तरिम संविधानको भावनाविपरीत रहेको उक्त इजलासको फैसलामा उल्लेख छ- 'यस्तो संविधान विपरीत कार्यले संवैधानिक मान्यता पाउन नसक्ने हुँदा उपराष्ट्रपतिद्वारा गरिएको असंवैधानिक शपथ उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ ।'

शपथ लिएको झण्डै एक वर्षपछि अदालतले बदर गरिदिएपछि नेपाली र आफ्नो भाषा दुवैमा शपथ लिन सक्ने गरी संविधान संशोधन गरिएको थियो ।

अहिले प्रधानमन्त्रीले लिनुपर्ने शपथको भाषा यस्तो हुन्छ- 'म केपी शर्मा ओली, मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक यो प्रतिज्ञा गर्छु कि, ईश्वर, देश र जनताका नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रधानमन्त्री पदको कामकाज प्रचलित कानुनको अधिनमा रही, मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएको कुरा पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दाबाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।'

नेकपा एमाले अध्यक्ष ओलीलाई प्रधानमन्त्रीबाट पदमुक्त भएको तीन दिनपछि बिहीबार राष्ट्रपति भण्डारीले पुनः प्रधानमन्त्री नियुक्त गरेकी थिइन् । राष्ट्रपति भण्डारीले संविधानको धारा ७६ को उपधारा ३ अनुसार ओलीलाई ४२ औं प्रधानमन्त्री नियुक्त गरेकी हुन् । यसअघि वैशाख २७ गते प्रतिनिनिधिसभाबाट विश्वासको मत गुमाएपछि उनी पदमुक्त भएका थिए ।

वैकल्पिक सरकार बनाउन राष्ट्रपति भण्डारीले आह्वान गरेको समयसीमाभित्र कांग्रेस-माओवादी लगायत दलले वैकल्पिक सरकार दिन नसकेपछि ठूलो दलको हैसियतमा ओली अल्पमतको प्रधानमन्त्री बनेका हुन् । यसअघि उनी दुईतिहाइ बहुमतप्राप्त प्रधानमन्त्री थिए । प्रधानमन्त्री ओलीले अब एक महिनापछि संसदमा विश्वासको मत लिनुपर्नेछ। विश्वासको मत पाएनन् भने उनी फेरि पदमुक्त हुनेछन् । ओली पदमुक्त भएर संविधानको धारा ७६को ५ अन्तर्गत प्रधानमन्त्री बन्ने अवस्था आउँछ ।

### सहकारी ...

लागि संघलाई धन्यवाद दिए ।

अधिल्लो वर्ष देखिएको कोरोना भाइरसभन्दा अहिले फैलिएको नयाँ भेरियन्टसहितको कोरोना भाइरस बढी संक्रामक भएकोले सबैमा उत्तिकै जोखिम रहेको अवस्थामा सुरक्षाकर्मीहरुको स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै स्वास्थ्य सामग्री सहयोग गरिएको संघले जनाएको छ ।

झापा जिल्ला सहकारी संघले गत वर्ष पनि जिल्लाका प्रारम्भिक सहकारी संस्थाहरुको सहयोगमा जिल्लाका सबै स्थानीय तहमा कोरोनाका कारण संकटमा परेका नागरिकहरुलाई राहतका लागि नगद सहयोग गरेको थियो भने झापाको कनकाईमा नागरिकस्तरबाट स्थापित पीसीआर परीक्षण ल्याबका लागि २५ लाखभन्दा बढी रकम जुटाएको थियो ।

संघले यसपटक कोरोना भाइरस संक्रमितहरुलाई निमोनिया हुने जोखिम अत्यधिक देखिएकोले संक्रमितहरुको एक्स-रे गर्न २५ लाख रुपैयाँ बराबरको अत्याधुनिक एक्स-रे मेसिन पनि ल्याउन लागेको अध्यक्ष ढकालले जानकारी दिए । सो मेसिन झापाकै एक अस्पताललाई हस्तान्तरण गरिने पनि उनले बताए ।

### चिठ्ठा ...

यसबीचमा विश्वास दिलाउन भाग्य चिठ्ठा तथा पुरस्कार जितेका व्यक्ति भन्दै धेरैको फोटोसहित सम्पर्क ठेगाना समेत पठाएको र उनीहरुसँग फोन सम्पर्क पनि गरेको उनको भनाइ छ । उनले फोनमा कुराकानी हिन्दी भाषामा र आर्थिक कारोबार एसबीआई बैंकमार्फत गरेका थिए । ठगी भएको जानकारी गराउन प्रहरीमा जान खोजे पनि केही नहुने भनेर एक नेताले सल्लाह दिएपछि आफू चुपचाप बसेको तिवारीले बताए । झापाका तिवारी मात्र नभई टेलिभिजनमा जस्तै चाँडै करोडपति बन्ने सपना पूरा गर्न खोज्ने धेरै नेपाली र भारतीय समेत ठगिने गरेको पाइएकाले सबै सचेत रहनुपर्ने अधिवक्ता गुरुभक्त निरौला बताउँछन् ।











श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

## गतिलो कार्य ‘एकका लागि एक’

**रोजगारीको अवसर नपाएर विदेशिएका नेपालीहरू मातृभूमिमा उत्पन्न सङ्कटप्रति उदात्त भावले योगदान गर्न अग्रसर भएका छन् । काम लगायत विभिन्न उद्देश्यले विदेश गएका नेपाली युवा अहिले कोरोनाले उत्पन्न गरेको पीडामा सहयोगको हातसहित मल्हम् लगाउन अग्रसर भएका हुन् । त्यसो त विश्वभर छरिएर रहेका नेपालीलाई आफ्नो जन्मभूमिप्रतिको अगाध आस्था र श्रद्धा हुन्छ नै, तर प्रचण्ड गर्मीमा पसिना बगाएर आफू र आफ्नो परिवारको भरणपोषण गर्ने बाध्यताका बीचबाट खाडी मुलुकमा रहेका नेपालीले अत्यन्त अभाव रहेको अक्सिजन सिलिन्डर पठाएर मातृभूमिप्रतिको कर्तव्य निर्वाह गरेका छन् । सरकारमा रहेका मन्त्रीहरू मात्र होइन प्रधानमन्त्री आफैंले कोरोना उपचारमा कुनै कमी नरहेको दावी गरिरहँदा काठमाण्डूको अस्पतालहरूमा बेड नभएर, अक्सिजन दिन नपाएर, आवश्यक सघन उपचार कक्ष, भेन्टिलेटरको अभाव भएर बिरामीले असमय प्राण त्याग्न बाध्य हुनु परिरहेको छ ।**

**सङ्क्रमण व्यापक हुन थालेको तर सरकारको सम्पूर्ण क्षमता सत्ताकै सुरक्षामा उपयोग भइरहेको सन्दर्भले केही सामाजिक परिचालकहरू कोरोनाबिरूद्धको लडाइँमा अघि आएका छन् । एक वर्षदेखि नेपाली जीवन र देशकै अर्थतन्त्रमा प्रतिकूलता उत्पन्न गरेको कोरोना रोकथाम, उपचार र नियन्त्रणमा विदेशस्थित नेपाली दूतावासको भूमिका पनि अपेक्षित देखिएन । हुन पनि योग्यता, क्षमता र उत्कृष्ट सेवाको आधारमा नियुक्त गर्नुपर्ने कुटनीतिज्ञहरू हिजोआज दल, समूह, क्षेत्र विचारका आधारमा चयन गरिन्छ । त्यसैले कागती रोपेर सुन्तलाको अपेक्षा गर्नु निरर्थक नै हुन्छ । राजनीति नै आजभोलि देश र जनताका लागि भन्दा आफ्नो, आफ्नाको, आफ्नो गुटको अनि मात्र समाज वा देश, जनताका लागि गर्ने पद्धति बलियो हुँदै गइरहेको छ।**

**यो विपत्तिको समयमा सबैले निजी विचार, वाद र स्वार्थ त्यागेर मानवीय सेवामा लाग्नु पर्ने हो । यसकालागि सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ । स्वास्थ्य सङ्कटकाल घोषणा गरेर राज्यका सम्पूर्ण स्रोत र शक्ति सङ्कट अन्त्य गर्न लगाउनु पर्थ्यो । तर यस्तो अग्रसरता होइन संवेदनशीलता पनि देखिएन । फलस्वरुप कोरोनाको प्रकोप गाउँसम्म फैलिसकेको छ । भोलिका दिन झनै भयावह अवस्था आउन सक्नेछ आकलन गरेर झापाका केही अगुवाहरूले, ‘एकका लागि एक’ नाम जुराएर गत वर्ष नै मानवीय सेवाका लागि समाज परिचालन गरे। ‘एक थुकी सुकी, हजार थुकी नदी’ नेपाली जिब्रोमा रहेको यो उखानको सार्थकता यही अभियानले पुनर्पुष्टि गर्‍यो । थोपा बटुलेर गाग्रो भर्ने योजनाले गत वर्ष नै करोडभन्दा बढी रकम सङ्कलन गरेर कनकाईको केटीहरूमा पीसीआर ल्याब सञ्चालन गरेर परीक्षण गर्ने काम भइरहेको छ।**

**वेदाशं हो कि ‘एकतामा वल हुन्छ’ । यही वलमा यसपटक महामारीमा अक्सिजनको अभाव भइरहेको सोही अभियानले एक व्यक्ति एक सिलिन्डर योजना अघि सारेको छ। योजना सार्वजनिक हुनु पूर्व नै मनकारी, उपकारी, मानवीय संवेदना भएका र सेवा गर्न इच्छा राख्नेहरू योगदानका लागि तयार भए । औपचारिक घोषणा भएका दिनसम्ममा दुई सय पचासवटा सिलिन्डर योगदान भइसकेको सन्दर्भले नेपाली मनको चेतना र उदात्त भाव प्रकट गरेको छ । यस्तो पुण्यको कार्यमा लागेका हातहरू कहिल्यै कमजोर हुँदैनन् पनि । महासङ्कटका समय अरूको मुख ताकेर अथवा सरकारको आश गरेर जीवन जोखिममा पार्नुभन्दा हातेमालो गरेर समाधान खोज्नु बुद्धिमानी हुन्छ । अभियानको सम्पन्नतामा व्यवधान नआओस्, चाँडै सेवामुखीहरूले सेवा प्राप्त गर्न सकून्, अभियानप्रति अपनत्वको भावना जाग्रत होस् । झापाली उर्वर माटोले यस्तै समाजसापेक्ष र परोपकारी कार्य गर्न सक्ने वल,बुद्धि र बर्कत दिओस्। शुभकामना।**

# इजरेल–हमास युद्ध र गाजाका अनिँदा रातहरु



तीर्थराज खरेल

*इजरेल र प्यालेस्टाइनी जनताको सुरक्षा र बचाउका लागि सबै पक्ष गम्भीर हुन आवश्यक छ। मध्यपूर्वको यो पीडा, यो रोदन र यो बेहाल रोकिनुपर्छ। स्वाभिमान र आधिपत्यको अहम्ले सृजेका मानवताविरोधी सारा अपराधको अन्त्य हुनुपर्छ। मध्यपूर्वको आकाशमा रकेट र बमबारीका आवाज बन्द हुनुपर्छ। महिला र बालबच्चाका रोदन र चित्कार बन्द हुनुपर्छ।*

आन्दोलनका उतारचढावहरुका अनगिन्ती श्रृंखलाहरु पार गरेको मध्यपूर्व यतिबेला फेरि तनावग्रस्त छ। आतंकवादी समूहका रुपमा इजरेल, अमेरिका र बेलायतले दर्ज गरेको हमास र इजरेलका बमवारी, गोलावर्षा र रकेट हानाहानले युद्धको भुवँरीमा परेको छ इजरेल र प्यालेस्टाइन। विश्वभरि छरिएर रहेका यहुदीहरुको राज्य इजरेलको दोस्रो विश्वयुद्धपछि सन् १९४८ मा स्थापना भएको थियो भने सोही स्थानमा अरबहरु पनि अस्तित्वको लडाइँ लडिरहेको युग बितिसकेको छ। उनीहरु यी आक्रमणलाई आफ्नो क्षमताको एउटा ‘सानो हिस्सा मात्रै प्रस्तुत’ गरेको भनेर घमण्ड गरिरहेका छन्। इजरेल र प्यालेस्टाइनका विभत्स दृश्यहरुले कोभिड-१९का त्रासद दृश्यहरुलाई पनि बिर्साउँछ कि झैं भएको छ। गाजा क्षेत्रका नागरिकका लागि मात्र होइन, यतिबेला इजरेलका नागरिकका लागि पनि सारा दुःस्वप्नहरुले रातमा पनि ऐंठन लगाइरहेका छन्। एक हप्ता बढी भयो अनिँदा रात बिताएका उनीहरुले। उनीहरुको पीडाको बयान गरेर साध्य छैन। प्यालेस्टाइनी इन्तेफादा र इजरेली अस्तित्वको प्रश्नका वीचमा सर्वसाधारण मरिरहेका छन् र हामी विश्वका नागरिकहरु दुःख र पीडाका साथ यी सबै दृश्यहरु टुलुटुलु हेरेर बस्न अभिषप्त छौं। आफ्नो माटोप्रतिको अनुराग ज्याँदै गहिरो हुन्छ र हरेक प्यालेस्टाइनी माटोमा संघर्षको इतिहास कोरेर त्यँही विसर्जन हुने मान्छेको नियति भोगिरहेको छ। जो कोहीले भूमिमाथिको बलात्कार सहन सक्दैन र इजरेलीको आँखाबाट हेर्दा उनीहरु यही भनिरहेका छन्। कस्तो दर्दनाक अवस्थामा छौं हामीहरु ? पटक-पटक चहराइरहेको छ प्यालेस्टानी घाउ र एउटा अनुत्तरित प्रश्न रहिरहेको छ लामो समयदेखि कहिले पुरिने हो यो घाउ ? चरमपन्थीको निकास मानवीय हुँदैन। उनीहरुको सोचकै कारण चरम द्वन्द्व शुरु भएकोमा शंका छैन। आतंकवादको जात, थर, रंग र सीमा हुँदैन। तर, आतंकवादको विरोधमा वक्तव्यको बाढी उराल्दैमा आतंकवाद समाप्त हुँदैन। यसका लागि चाहिन्छ- राजनीतिक सच्चरित्रता, इमान्दारिता। हैकमवादी प्रवृत्ति र प्रभुत्ववादी सोचले आतंकवादलाई प्रश्रय दिन्छ। सामाजिक संगठनको रुपमा स्थापित हमास आज फौजी संगठनको रुपमा परिणत हुनु दुःखको विषय हो।

इजरेली सेनाले गाजा पट्टीमा प्यालेस्टिनी विद्रोही विरुद्धको आक्रमणलाई तीव्र पारेको छ र इजरेली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु प्रतिआक्रमणलाई तीब्र बनाउनेमा जोड दिइरहेका छन्। इजरेल-प्यालेस्टाइन तनाव पूर्ण युद्धतर्फ धकेलिन सक्ने चेतावनी विश्व समुदायले दिइरहेका छन्, तर यो विषयलाई गम्भीरतापूर्वक लिन र सोही अनुरुप पहलकदमी दिन कोही तयार छैन। इजरेली सेनाको एउटा वक्तव्यमा हवाइ र स्थल फौजहरूले गाजा क्षेत्रमा रहेका निशानाहरूमा नयाँ कारबाही गरिरहेको जनाएको छ। यसको अर्थ गाजा क्षेत्रका घना आवादीमा क्षेप्यास्त्र र बम आक्रमण हुने भन्ने निस्कन्छ। इजरेलले यतिबेला गाजाको उत्तर र पूर्वमा फौजी डुङ्गा, लडाकू विमान र हेलिकप्टरको प्रयोग गरी व्यापक गोलाबारी गरिरहेका छ भने सीमा क्षेत्रमा तनाव बढ्दै गएको छ। इजरायल र हमासबीच केही दिनदेखि जारी युद्धमा अमेरिकाको प्रवेश भएको छ।



इजरायलले हमासलाई आतंकवादी संगठन मान्छ। हमासले इजरायलतर्फबाट भएको हवाइ आक्रमणमा हमासका गाजा सहरका कमाण्डर बसिम इसाको मृत्यु भएको र अन्य कैयौं कमाण्डर पनि मारिएको जाएको छ। अहिलेको युद्धबाट सबैभन्दा पीडित बालबालिका र महिला रहेका छन्। भौतिक द्वन्द्वभन्दा पनि खतराजनक मानसिक द्वन्द्व हुन्छ। इजरायल र प्यालेस्टाइनबीच सुरु भएको यो युद्धसँगै इजरायलका कैयौं सहरमा यहुदी र अरबी मूलका नागरिकबीच दंगा शुरु भएको छ। दंगाका सबैभन्दा धेरै घटना जेरुसेलम, लोड, हाइफा र सखनिनमा भएका छन्। दंगाका कारण स्थिति बिग्रिएपछि लोड सहरमा संकटकाल लगाइएको छ।

यहुदी र मुसलमान दुवैले पवित्र धार्मिकस्थलको रूपमा सम्मान व्यक्त गर्ने पूर्वी जेरूसेलमले पटक-पटक युद्धका नगरा बजेको सुन्नुपरेको इतिहास छ। यो ठाउँ कहिल्यै शान्त रहन पाएको छैन। यसले सदैव धार्मिक र जातीय हिंसाको केन्द्रको रुपमा रहनुपर्‍यो। यसपटक पनि फेरि गृहयुद्धको सन्त्रास बढेको छ। बाहिरी आक्रमण जति डरलाग्दो हुन्छ, त्योभन्दा पनि बढी क्षति देशभित्रको आन्तरिक तनावले सृजना गर्छ। जेरुसेलमको अल अक्सा मस्जिद, बेथ्हेलमको जिजसको जन्मस्थल र यहुदीको पवित्रस्थल सबै जेरुसलेमका धरोहर हुन् तर त्यही कारणले युद्ध भड्किएको छ। दुवै मुलुकले फौजी गतिविधिमा आफ्नो सक्रियता देखाएका छन्। यहुदी र इजरेली अरब समूहहरूबीच मिश्रित बसोबास रहेका नगर र सहरहरूमा थप भिडन्त भएका छन्।

यो युद्ध रोक्न कुटनीतिक प्रयासको खाँचो छ। आम विश्व समुदायले इजरेली र प्यालेस्टाइनीहरुलाई युद्धविराम गरी वार्तामा बसेर समस्याको समाधान गर्न अपिल गरिरहेको छ। इजरेली र अरबहरु मिलेर बस्ने सपना फगत सपना मात्र भएको छ यतिबेला। युद्धको दबाब र आतंकवादको त्रासमुनि शान्ति र समृद्धिको सपना कसरी पूरा हुन सक्ला र ? पटक-पटकका सन्धि, समन्वय र सहकार्यका आशावादले भरिपूर्ण दिनहरु फेरि पनि पुनरावृत्ति गर्न आवश्यक छ। शान्तिको चाहनाले मात्र समस्याको हल हुन नसक्ने प्रमाणित भइसकेको छ। शान्ति र सद्भावको जगमा एकता र भाइचाराको पूर्वाधार निर्माण गर्ने हो भने अब शान्तिका प्रस्तावहरुसहित शत्रुतापूर्ण संवेगका छालहरु बन्द हुनुपर्छ। सकारात्मकताको परावर्तन पनि सकारात्मकता नै हुन्छ। उक्साहट, नकारात्मकता, शत्रुता र कपट बन्द गरेर निर्दोष, निहत्था र आफ्नो गरेर जीविकोपार्जन गरिरहेका दुवै मुलुकका मानिसहरुले अब शान्तिको सास फेर्न पाउनुपर्छ। घृणाको प्यालाबाट प्रेमको अमृत पिउन सम्भव छैन। शान्ति प्राप्तिका लागि शान्तिको मार्ग हिँड्न जरुरी छ। हिंसा र प्रतिहिंसाको कहालिलाग्दो श्रृंखलालाई रोकेर खुला हृदयले दीर्घकालीन सोचका साथ सबै विषयमा सफा र सिधा वार्ताका लागि युद्धविराम आवश्यक छ। संयुक्त राज्य अमेरिका, रुस, चीन, बेलायत, इरान, टर्की, लेबानन लगायतका मुलुकहरुले मध्यपूर्वमा शान्ति बहालीका लागि पहल लिन आवश्यक छ। संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को यो युद्ध अन्त्यका लागि महत्वपूर्ण भूमिका रहन्छ।

आजको यो समस्याप्रति पश्चिमा राष्ट्रहरुले बेवास्त ागर्न मिल्दैन, संयुक्त राष्ट्र संघले उदासीनता देखाउन मिल्दैन र अकर्मण्यताले थप क्षति ल्याउँछ भन्ने कुरा सबैले बुझ्न जरुरी छ। इजरेल र प्यालेस्टाइनी जनताको सुरक्षा र बचाउका लागि सबै पक्ष गम्भीर हुन आवश्यक छ। मध्यपूर्वको यो पीडा, यो रोदन र यो बेहाल रोकिनुपर्छ। स्वाभिमान र आधिपत्यको अहम्ले सृजेका मानवताविरोधी सारा अपराधको अन्त्य हुनुपर्छ। मध्यपूर्वको आकाशमा रकेट र बमबारीका आवाज बन्द हुनुपर्छ। महिला र बालबच्चाका रोदन र चित्कार बन्द हुनुपर्छ। आफ्नै मुलुकमा घरबारविहीन बनेर शरणार्थीको जीवन बाँच्न बाध्य प्यालेस्टाइनीको हृदयविदारक कथाको अब अन्त्य हुनुपर्छ।

tirthakharel2028@gmail.com


# स्वास्थ्य संकटकाल लगाउन किन ढिलो ?



उदय मैनाली

कोरोना महामारीको संक्रमण अब सामान्य अवस्थामा रहेन। बढ्दो मृत्युदर हेर्दा अब स्वास्थ्य संकटकाल घोषणा गरेर भए पनि सेवा दिनुपर्ने अवस्था सिर्जना भइसकेको छ।

दिन प्रतिदिन असामान्य रूपमा उकालो लागिरहेको संक्रमित र मृत्युदर अहिलेको व्यवस्थापनले धान्न सक्ने देखिँदैन। एकातिर जनस्वास्थ्यका तयारी, व्यवस्थापन र तीनको प्रयोगमा पुरानै तरिका, विधि, प्रक्रिया र औषधि समेतले निरन्तरता पाएको देखिन्छ भने अर्कोतिर महामारीले अर्को रूप धारण गरी ती पुराना विधि, मान्यता र प्रक्रियालाई मात गरी अगाडि बढिसकेको देखिन्छ। स्वास्थ्य सेवाका पुरानै तरिका र कोरोना संक्रमणको नयाँ भेरियन्टबीच ठूलो अन्तर्विरोध देखिन्छ। दिइरहेको सेवाले पनि प्रभावकारी रूपमा बिरामीलाई निको पार्न मद्दत गरिरहेको देखिँदैन। यी विधि र प्रक्रिया पुराना भइसकेका हुनाले पनि नयाँ भेरियन्टमा यिनको प्रभाव ज्याँदै कम देखिएको छ। अर्कोतिर कोरोनाको नयाँ प्रकार यसको संक्रमण र प्रभाव निकै व्यापक र संगीन प्रकृतिको देखिएको छ। त्यसैले, संक्रमित बिरामीको अवस्था, उपलब्ध स्वास्थ्य सेवा र बिरामीको शरीरमा उत्पन्न हुनुपर्ने रोग प्रतिरोधात्मक क्षमताबीचमा असमञ्जस पैदा हन पुगेको देखिन्छ। यसले न त रोगबिरुद्ध रोगप्रतिरोधात्मक शक्तिको विकास गर्न सहजीकरण भइरहेको देखिन्छ। न त सो भेरियन्टबिरुद्ध गरिएको खर्च र उपचार पद्धतिमा वैज्ञानिकता र समसामयिकता आउन सकेको देखिन्छ।



यही रोग र त्यसबिरुद्ध गरिएको उपचारबीचमा विमेल हुँदा पैदा हुन गएको संकट नै बिरामीको निस्फल उपचारमा परिणत हुन गएको छ। यसले संक्रमित बिरामीको मृत्युदर दिनप्रतिदिन बढाइरहेको छ भने देशको स्वास्थ्य अवस्था भयावह बनाइरहेको छ। यस्तो अवस्थामा प्रारम्भिक रोकथामका लागि आवश्यक पर्ने औषधि र अक्सिजनजस्ता आधारभूत कुराको समेत अभाव हुन जाँदा बिरामीका परिवारले सास्ती भोग्नुका साथै संक्रमित बिरामीले देह त्याग गरिरहनुपरेको छ। यो अवस्थालाई अन्त्य गर्न सिंगो चिकित्सा क्षेत्रमा नयाँ खालको नीति, विधि र प्रक्रियाको उपचार पद्धति अपनाइनु जरुरी हुन गएको छ। यसलाई कार्यान्वयन गर्न सरकाराले नै सचेत

> तत्कालका लागि अक्सिजनसहित अत्यावश्यक औषधि तथा सामग्रीको जोहो गरिनुपर्छ भने दीर्घकालीन हिसाबले कोरोनाजस्तो दीर्घकालीन महामारीविरुद्ध चरणबद्ध रूपमा नयाँ-नयाँ उर्ध्वतर कार्यक्रम निर्माण गरिनुपर्छ

किसिमले जिम्मेवारीसहित दायित्व वहन गर्न तयार रहनुपर्छ। यो दायित्व आफैंमा सिंगो राज्यसत्ताको स्वास्थ्य क्षेत्रमा देखिएको संकट समाधानको कार्यकारी तथा अभिभावकीय दायित्व हुन जानेछ।

यसका लागि सरकार आफैंले मात्र केही गर्छु भनेर हुने देखिँदैन। यसका लागि सरकारसँग सहकार्य गर्ने र सहकार्य गर्न आवश्यक हुने स्वास्थ्यसँग सम्बन्धित सबै संघ-संस्थाबीचमा सहकार्य जरुरी छ। यो सहकार्य तत्कालीन र दीर्घकालीन हिसाबले सोचेर गरिनुपर्छ। तत्कालका लागि अक्सिजनसहित अत्यावश्यक औषधि तथा सामग्रीको जोहो गरिनुपर्छ भने दीर्घकालीन हिसाबले कोरोनाजस्तो दीर्घकालीन महामारीविरुद्ध चरणबद्ध रूपमा नयाँ-नयाँ उर्ध्वतर कार्यक्रम निर्माण गरिनुपर्छ। निजी संघ-संस्थाले पनि यसका लागि पहल गर्नु जरुरी छ भने प्रमुख पहलकर्ताका रूपमा सरकारले यी सबैबीच समन्वय गर्न गराउन जरुरी हुन आएको छ। यसका लागि आवश्यक परे स्वास्थ्य संकटकालको समेत घोषणा गरेर बिरामीका लागि तत्काल इमर्जेन्सी सेवा उपलब्ध गराउनुका साथै आमजनताका लागि चरणबद्ध रूपमा खोप लगायतका कार्यक्रम अगाडि बढाउन जरुरी हुन गएको छ।

सन् २०२१ मा कोभिड-१९

# भाइरसबारे जानेका कुरा

**एमेलिया बटरली (बीबीसी विश्व सेवा)**

विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) ले महामारी घोषणा गरेको १ वर्षमा हामीले भाइरसलाई बुझ्न र नियन्त्रण गर्न वैज्ञानिकहरूले अभूतपूर्व प्रयास गरेको देखेका छौँ ।

विश्वभरका अनुसन्धानकर्ताहरूले पहिल्यै कहिल्यै नदेखिएको तहको साझेदारी गरेका छन् र ज्ञान, अनुसन्धान र खोपको विकासमा वर्षौंसम्म लाग्ने काम केही महिनामा सकेका छन् ।

**पछिल्लो १२ महिनामा हामीले थाहा पाएका कुराहरू यस्ता छन्–**

कोभिड-१९का लक्षण सबैभन्दा शुरुमा थाहा भएका लक्षणमा ज्वरो र खोकी थिए । त्यसपछि धेरै मानिसहरूले गन्ध वा स्वाद थाहा पाउने क्षमता गुमाएको बताएपछि त्यसलाई पनि मुख्य लक्षणका रूपमा राखियो । महामारी निरन्तर कायम रहँदा अरू कम देखा पर्ने लक्षण जस्तै घाँटीमा खसखस हुनु, टाउको दुख्ने, जीउ दुख्ने र पीडा हुने, झाडापखाला, छालामा दाग देखा पर्ने वा औंलाहरूको रङ्ग उड्ने, आँखा रातो हुने वा चिलाउने देखा पऱ्यो ।

डब्लूएचओले गम्भीर बिरामी परेका मानिसहरूलाई तत्कालै उपचार गराउन भनेको छ । सास फेर्न अप्ठेरो हुने, बोल्न वा हिँड्न गाह्रो हुने, भ्रममा पर्ने वा छाती दुख्ने गम्भीर लक्षण हुन्।डब्लूएचओले फोक्सोमा समस्या भएका बिरामी, मधुमेह, मुटु रोग वा क्यान्सर भएका व्यक्तिहरूलाई भाइरसबाट बच्ने उपायहरू अपनाउन सुझाव दिएको छ ।

अधिकांश बिरामीहरू चाँडै निको भए पनि अध्ययनहरूले केही व्यक्तिहरूमा कोभिड-१९ले मुटु र फोक्सो जस्ता अङ्गमा दीर्घकालीन क्षति पुऱ्याउने उल्लेख गरेका छन् । कोभिड-१९ यसरी सर्छ सुरुका केही महिनामा डब्लूएचओले मानिसले खोक्दा वा हाच्छिउँ गर्दा साना थोपाहरू हावामा बसिरहने भन्दा पनि सतहतर्फ खस्ने हुँदा कोरोनाभाइरस सङ्क्रमण सरेको तर्क गऱ्यो ।

त्यही भएर सङ्क्रमित व्यक्तिहरूबाट भुइँ वा सतहमा भाइरस नपुगोस् र नफैलियोस् भनेर हात धुने कुरालाई मुख्य नियन्त्रणको उपाय भनियो । तर ब्रिटिश मेडिकल जर्नलमा हालै प्रकाशित लेखमा सतहमा छोएर सार्स-कोभ-टु सर्ने सम्भावना सास फेर्ने क्रममा सर्नेको तुलनामा कम रहेको उल्लेख गरेको छ ।

वास्तवमा पछिल्लो प्रमाणले कोभिड-१९ मुख्य गरी नजिक रहेका व्यक्तिहरूमा श्वासप्रश्वासको माध्यमबाट सर्ने प्रमाणित भएको छ । यो मुख्य




गरी एक वा त्यो भन्दा बढी व्यक्तिले अरूसँग लामो समय बिताउने घरभित्र, भीडभाड हुने ठाउँमा र कमजोर भेन्टिलेसन भएको क्षेत्रमा सर्ने डब्लूएचओले जनाएको छ । त्यही भएर अरू मानिसहरूसँग घरभित्र भेट्न धेरै किसिमका बन्देज लगाइएका छन् ।

**कोभिड-१९ खोपले प्रभाव पारिरहेको देखिन्छ**

यूकेमा कोरोनाभाइरसको कारणले अस्पतालमा भर्ना हुने मानिसहरूको संख्यामा उल्लेख्य प्रभाव पारिरहेको देखिन्छ । करिब दुई तिहाइ जनसङ्ख्याले कम्तीमा खोपको एउटा मात्रा पाएका छन् र तथ्याङ्कले खोपले अस्पतालमा भर्ती, मृत्यु र समुदाय स्तरको सङ्क्रमण घटाएको देखाएको छ ।

साधारण अवस्थामा खोप बनाउन १० वर्ष लाग्छ । तर, फाइजर, मोडेर्ना र आस्ट्राजेनेकाले कोभिड १९ विरुद्धको खोप निक्कै छोटो अवधिमा विकास गरे जसको श्रेय प्रविधि, खोपका क्षेत्रमा वृद्धि भएको लगानी र कम भएको प्रशासन संयन्त्रलाई दिइएको छ । केही महिनाको प्रयासमा खोप विकास भए पनि धेरै व्यक्तिहरूले त्यसलाई प्राप्त गर्न वर्षौं लाग्न सक्छ । खोप अरूलाई पनि उपलब्ध गराउने विषयमा व्यापक असन्तुलन रहेको छ र डब्लूएचओले धनी र गरीब देशकाबीचमा 'अप्रत्याशित असन्तुलन' रहेको जनाएको छ ।

**लामो कोभिड-१९ ले तपाईंलाई अझ गाह्रो पार्न सक्छ**

कोरोनाभाइरसबाट सङ्क्रमित भएको महिनौँपछि पनि उल्लेख्य सङ्ख्याका मानिसहरूले लङ कोभिड भनिने लामो समय देखा पर्ने लक्षणहरूको सामना गरिरहेका छन् ।

डब्लूएचओले १०मध्ये एक व्यक्ति त्यसरी प्रभावित भएको हुनसक्ने भन्दै जिउ गल्ने, टाउको र छाती दुख्ने र डिप्रेसन जस्ता समस्या देखिन सक्ने जनाएको छ ।

महामारीको शुरुको अवधिमा मानिसहरूले आफ्नो अवस्था गम्भीरतापूर्वक लिइयोस् भन्नका लागि धेरै सङ्घर्ष गर्नुपऱ्यो र वैज्ञानिकहरूलाई किन कसैमा यस्तो समस्या देखिन्छ र अरूमा देखिँदैन भन्ने कुराको जवाफ छैन ।

उनीहरूले कोभिड-१९को दीर्घकालीन असरबारे अध्ययन गरिरहेका छन् र एउटा हालै प्रकाशित अध्ययनले मध्यम मात्रै सङ्क्रमण भएको अवस्थामा पनि त्यसको ६ महिनापछि मृत्यु हुने वा गम्भीर बिरामी पर्ने जोखिम बढी रहेको देखाएको छ ।

**नयाा प्रकार अझ सक्त्रामक**

कोभिडका विभिन्न हजारौँ प्रकार सक्रिय छन् । यो अपेक्षा गर्न सकिन्छ किनभने फैलने क्रममा उनीहरूले आफ्नो सङ्ख्या विस्तार गर्छन् र स्वरूप परिवर्तन गर्छन् । अधिकांश अवस्थामा त्यसको केही अर्थ हुँदैन कहिलेकाहीँ ती थप खतरनाक वा सङ्क्रामक बन्छन् । यूके, दक्षिण अफ्रिका, ब्रजिल र भारतमा देखिएका नयाँ प्रकारको स्पाइक प्रोटिन भनिने शरीरको कोषमा टाँसिने भाइरसको हिस्सामा परिवर्तन देखिएको छ ।

उदाहरणका लागि एनफाइभजिरोवानवाइ प्रकारको भाइरस सङ्क्रमण र विस्तार दुवैमा तेज देखिएको छ । कतिपय अनुसन्धानले यूके भेरिअन्टका कारण मृत्युको जोखिम ३० प्रतिशत बढी हुने उल्लेख गरेका छन् । तर, उक्त प्रमाण अन्तिम होइन ।

**बालबालिकालाई गम्भीर बिरामीको जोखिम कम**

बालबालिकालाई पनि कोभिड-१९ सङ्क्रमण हुन सक्छ तर गम्भीर खालको बिरामी पर्ने जोखिम वयस्कभन्दा उल्लेख्य मात्रामा उनीहरूमा कम हुन्छ । उनीहरूबाट भाइरस फैलने सम्भावना पनि कम रहने ठानिएको छ । वैज्ञानिकहरूले अहिले आइरहेका नयाँ प्रकारहरूले कम उमेरका व्यक्तिहरूलाई बढी प्रभाव पार्छन् कि पार्दैन भनेर अध्ययन गरिरहेका छन् ।

सन् २०२० को फेब्रुअरी र सन् २०२१को मार्च १५ को बीचमा ब्राजिलमा कोभिड-१९ का कारण कम्तीमा ८ सय ५२ जना ९ वर्षभन्दा मुनीका बालबालिकाको ज्यान गएको विवरण अघिल्लो महिना आएको थियो । त्यसमा ५ सय १८ जना एक वर्ष भन्दामुनिका थिए । कोरोनाभाइरसको अप्रत्यक्ष प्रभाव अन्तर्गत स्वास्थ्य सेवा अवरूद्ध हुँदा दक्षिण एशियामा अनुमानित २ लाख ३९ हजार मातृ तथा शिशुको निधन भएको एउटा राष्ट्रसङ्घीय प्रतिवेदनमा जनाइएको छ ।

**कोभिड-१९ रहिरहन्छ**

नेचर नामक जर्नलले एक सय जना कोभिड-१९ को क्षेत्रमा कार्यरत विज्ञहरूलाई सोध्दा लगभग ९० प्रतिशतले यो पूर्ण रूपमा निर्मूल नहुने र निरन्तर देखा पर्ने धारणा राखेका थिए ।

हामीले कोभिड-१९सँगै बाँच्न सिक्नुपर्ने हुनसक्छ तर यसको अर्थ अघिल्लो वर्षकै स्तरको सङ्क्रमण र मृत्यु हामीले व्योहोरिरहनेछौँ भन्ने होइन । इन्फ्लुएन्जाका कारण बर्षेनि दशौँ हजारको ज्यान जाने गर्छ तर समाजको रूपमा हामीले उक्त सङ्क्रमणलाई सामना गरेर बाँच्न सिकिसक्यौँ । कोभिड पनि त्यस्तै रोग बन्न सक्छ र बेला बेलामा समाजमा यसको प्रभाव बढी देखिन सक्छ ।

**आफू र अरूलाई जोगाउने उपाय**

सुरुमा कोभिड-१९को सङ्क्रमण कसरी कम गर्ने भन्नेबारे विभिन्न सरकारहरूले फरक फरक सुझाव दिएका थिए तर अहिले डब्लूएचओले सुरक्षाका लागि चाल्नुपर्ने कदमबारे प्रस्ट सन्देश प्रवाह गरिरहेको छ ।

कम्तीमा एक मिटरको सामाजिक दूरी कायम गर्ने, नाक र मुख ढाक्ने गरी मास्क लगाउने र हात धुने प्रमुख सुझाव हुन् ।

**रुघाले शरीरबाट कोरोनाभाइरसलाई यसरी गलहत्याइदिन्छ**

तपाईंले आफ्नो कोठामा हावाभित्र बाहिर गर्न सजिलो हुने गरी उपयुक्त किसिमको भेन्टिलेसनहरू राख्नुपर्ने र भीडभाडयुक्त ठाउँबाट परै रहने गर्नुपर्छ ।

यदि तपाईँलाई खोप प्रस्ताव गरियो भने तुरुन्तै लिनुपर्छ किनभने अनुमति पाएका खोपले गम्भीर बिरामी र मृत्युबाट उच्च तहको सुरक्षा दिने डब्लूएचओले जनाएको छ । तर, अझै पनि कोभिड-१९ का बारेमा कैयौँ प्रश्नको जवाफ आएका छैनन् र वैज्ञानिकहरूले सामुदायिक प्रतिरोधी क्षमता विकास हुन आवश्यक अवस्थासहितका सवालबारे अनुसन्धान जारी राखेका छन् ।

## महामारीबीच गङ्गा नदी किनारामा शवको थुप्रो

**भारत, जेठ २।** भारतको उत्तर प्रदेशका प्रहरीहरु अहिले गङ्गा नदीका किनारामा बालुवाले अली-अली छोपछाप पारिएका शवको अनुसन्धान गर्न खटिएको छ ।

कोरोनाभाइरसको संक्रमणका कारण मृत्यु भएका व्यक्तिलाई गङ्गाका तटमा जथाभावी छाडिएको भन्दै सामाजिक सञ्जालमा तस्वीरहरु पोस्ट भएपछि प्रहरीले अहिले सक्रियता बढाएको हो । जीप र डुङ्गाबाट गस्ती गरिरहेका प्रहरीले लाउडस्पिकरको सहायताले नदीमा जथाभावी शव नफाल्न र नदी किनारामा अव्यवस्थित रुपमा शव नछाड्न आममानिसहरुलाई अनुरोध गर्न थालेका छन् । प्रहरीले लाउडस्पिकरबाट भनिरहेको थियो- हामी तपाइँलाई अन्तिम संस्कारका लागि मद्दत गर्न यहाँ आएका हौं ।

शुक्रबार, वर्षाले उत्तर प्रदेश राज्यको प्रयागराज शहरको गङ्गा नदी किनारमा बालुवाले छोपछाप पारेका शव बेरिएका कपडा निकालिदिएको थियो ।

उत्तर प्रदेश राज्य सरकारका प्रवक्ता नवनीत सेहगलले आइतबार स्थानीय सञ्चार माध्यममा छापिएका समाचारको खण्डन गरेका थिए । समाचारमा कोभिड-१९का कारण मृत्यु भएका एक हजारभन्दा बढी शव विगत दुई सातामा गङ्गा नदी किनारामा बेवारिसे अवस्थामा भेटिएको उल्लेख थियो । तर, सेहगलले दाबीका साथ भने- यी शव कोभिड-१९ बाट पीडित व्यक्तिका होइनन् । उनले केही मानिसले हिन्दू परम्परा अनुसार गर्नुपर्ने आफ्ना मृतक परिवारजनको दाहसंस्कार यसपटक विभिन्न कारणले विधिपूर्वक नगरेको बताए ।

एक जना वरिष्ट प्रहरी अधिकृत के.पी. सिंहले कोभिड-१९का कारण मृत्यु भएकाहरुको दाहसंस्कारका लागि प्रयागराजको नदी किनारामा अलग्ग ठाउँको व्यवस्था गरिएको बताए । कसैलाई पनि नदीको सामुन्ने दाहसंस्कार गर्नबाट रोकिएको छ- उनले भने । उनले प्रचार गरिएजस्तो नभई नदी किनारामा सानो संख्यामा शव भेटिएका बताए, तर उनले वास्तविक संख्या दिन इन्कार गरे ।

दाहसंस्कारका कार्यमा मद्दत गरिरहेको समाजसेवी संस्था बोन्धु महल समितिका सदस्य रमेशकुमार सिंहले ग्रामीण इलाकामा मृत्यु भएका व्यक्तिको संख्या निकै ठूलो रहेको बताए । उनले दाहसंस्कारको काममा बढी खर्च र काठको अभावका कारण धेरै गरीब परिवारले आफ्ना आफन्तजनलाई नदी किनारामा त्यतिकै गाडिदिने गरेको जानकारी दिए ।

हालका दिनहरुमा दाहसंस्कारका लागि तीन गुणा मूल्य बढेको छ अर्थात् एक शवको व्यवस्थापनका लागि भारु १५ हजारसम्म पर्न थालेको छ ।

राज्यका स्वास्थ्य अधिकारीहरुले गत साता गङ्गा नदीले छेउ लगाएका ७१ शव फेला पारेका थिए । अधिकारीहरुले ती शवको पोस्टमर्टम गरेका थिए तर शवहरु सडिसकेकाले मृत्युको ठोस कारण ठम्याउन सकेका थिएनन् ।

उत्तर प्रदेशकै राजधानी लखनऊबाट करिब ४० किलोमिटर दक्षिणको उन्नाउ जिल्लास्थित गङ्गा नदी तटमा बालुवाले छोपेको अवस्थामा गत साता एक दर्जन शव फेला परेका थिए । जिल्ला मजिस्ट्रेट रवीन्द्र कुमारले मृत्युको कारण पहिल्याउन अनुसन्धान जारी रहेको बताएका छन् ।

भारतका दुई ठूला राज्यहरु उत्तर प्रदेश र बिहारमा झण्डै ३५ करोड ८० लाख मानिसको बसोबास छ । यी दुई राज्यहरु अहिले कोभिड-१९बाट सर्वाधिक प्रभावित देखिएका छन् । तुलनात्मक रुपमा गरिब मानिएका यी दुई प्रदेशका मानिसले आफ्ना आफन्तको उपचारका लागि नजिकका शहर, बजारमा लैजाने गरेका छन् ।


**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३



**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलबध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२


## तास खेलिरहेको अवस्थामा १३ जना पक्राउ

**काठमाडौं, जेठ २।** काठमाडौं महानगरपालिका-२० रामघाट बस्ने मैयाश्वरी पुजारीको घरमा तास खेलिरहेको अवस्थामा ६ जना पुरुष र ७ जना महिला गरी १३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मैयाश्वरीको घरमा तास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त जनसेवाबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६२ हजार ८ सय ८५ रुपैयाँसहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## जबरजस्ती करणी र यौन दुर्व्यवहार गर्ने अभियोगमा दुई जना पक्राउ

**काठमाडौं, जेठ २।** बाह्र वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चाँगुनारायण नगरपालिका-५ छालिङ बस्ने ५२ वर्षीय भीमबहादुर बनलाई प्रहरीले पक्राउ गरेको छ ।

भीमबहादुरले ती बालिकालाई सोही ठाउँस्थित टहरामा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी परिसर भक्तपुर र महानगरीय प्रहरी प्रभाग खरिपाटीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

उता नौ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा वीरगञ्ज महानगरपालिका-२० हरपतगंज बस्ने २२ वर्षीय सरोज चौरसियालाई प्रहरीले पक्राउ गरेको छ ।

खेल्दै गरेको अवस्थामा ती बालिकालाई धान दिन्छु भनी प्रलोभन देखाई आफ्नै घरमा बोलाई भऱ्याङमुनि लगेर सरोजले यौन दुर्व्यवहार गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उनी उपर बाल यौन दुर्व्यवहार सम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## पाकिस्तानको गोली चल्दा ९ जनाको मृत्यु

**इस्लामाबाद, जेठ २।** पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तमा दुई समूहबीच भएको गोली हानाहानमा कम्तीमा नौ जनाको मृत्यु भएको छ भने पाँच जना सख्त घाइते भएका छन् ।

प्रहरीका अनुसार, सिन्धको काँधकोट क्षेत्रमा दुई परस्पर आदिवासी समूहहरु जागिरानी र चाचारबीच घण्टौसम्म भिडन्त भएको थियो । घटनास्थलमा प्रहरी पुग्दा दुबै समूहका हतियारधारी व्यक्तिहरुले एकअर्कामाथि गोली चलाइरहेको देखिएको स्थानीय प्रहरीले जनाएको छ ।

प्रहरीले शवहरु बरामद गर्नुका साथै घाइतेहरुलाई अस्पताल भर्ना गरेको छ भने दुवै समूहका व्यक्तिमाथि दुई अलग मुद्दा दर्ता गरेको छ ।


**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



**सुरक्षा गार्डको आवश्यकता**

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।*
विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२



**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५



**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रबो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट् फोन झट् सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४



**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२



**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।

*सम्पर्क : ९८१४९६३४८८*



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतिहरूसँग जुध्नुपर्नेछ । प्रगतिमा इर्ष्या गर्नेहरूले दुःख दिनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मेहनतले नतिजा सकारात्मक हुनेछ । आर्थिक लाभ हुने काममा जुट्ने छ । पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
बलभन्दा बुद्धिको उपयोगले समर्थवान् बनाउन सक्छ । गुमेको अधिकार पुनः स्थापित गर्न सकिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
प्रतिभा प्रदर्शन गर्दै बौद्धिक उपलब्धि हासिल गर्न सकिनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो लाभ हुने काम प्रारम्भ हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
शुभचिन्तकहरूले साथ दिनेछन् । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । पढाइलेखाइमा प्रगति हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
सेवामूलक कामबाट धनलाभ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
केही संघर्ष गर्नुपरे पनि राम्रो फाइदा उठाउन सकिनेछ । कृषि कर्म र व्यावसायिक काममा मनग्गे लाभ हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
उद्योग र व्यापारमा पनि फाइदा हुनेछ । साथीभाइले साथ दिनेछन् । पशुधन र जमिनबाट लाभ हुनेछ । मान्यजनको सुझाव शिरोधार्य गर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
चुनौतिभित्र अवसर खोज्ने समय छ । नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ने हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गरे पनि लक्ष्य प्राप्त गर्न सफल भइनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
शत्रु र प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ । छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ । दिगो लाभ हुने काम प्रारम्भ हुनेछ ।